**आयोजकः**

**सार्वजनिक लेखा समिति**

**गण्डकी प्रदेश**

**सहकार्यः**

**सुशासनका लागि नागरिक समाज, कास्की**

# भ्रष्टाचार नियन्त्रणमा सार्वजनिक लेखा समितिको भूमिका सम्बन्धी नागरिक संवाद कार्यक्रम

## संक्षिप्त विवरण

**२०८० मंसिर १८ गते, दिनको २:३० बजे**

**प्रदेश प्रशिक्षण प्रतिष्ठानको सभाहल, गण्डकी प्रदेश**

**अध्यक्षताः मा. सुधिर कुमार पौडेल**
सभापति, सार्वजनिक लेखा समिति

**संचालकः श्री प्रेम सुवेदी, उपसचिव,**
**टिपोटकर्ता श्री चन्द्रकला बस्नेत, क.अधिकृत,**
**गण्डकी प्रदेश सभा सचिवालय**

---

**आसन ग्रहणः**

१. आर्थिक मामिला मन्त्री,
मा. जित प्रकाश आले मगर
२. नेकपा (माओवादी केन्द्र) संसदीय दलको नेता, मा. हरि बहादुर चुमान
३. रा.प्र.पा. संसदीय दलको नेता,
मा. पञ्चराम गुरुङ
४. सार्वजनिक लेखा समितिका माननीय सभापति
श्री सुधिर कुमार पौडेल
५. सार्वजनिक लेखा समितिका माननीय सदस्यहरु
६. गण्डकी प्रदेश सभा सचिव,
श्री हरिराज पोखरेल
७. अध्यक्ष, सुनास, श्री रविन्द्र बास्तोला
८. ट्रान्सपेरन्सी इन्टरनेशनल नेपालका पूर्व उपाध्यक्ष तथा सल्लाहाकार श्री आनन्द मुल्मी
९. प्रदेश सरकारका मन्त्रालयहरुको सचिव
प्रतिनिधि एकमुष्ट
१०. गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक श्री ऋषिराम पाण्डे
११. गण्डकी प्रदेशका सुरक्षा प्रमुख तथा ट्राफिक व्यवस्थापनबाट पाउनु भएका प्रतिनिधिहरु
१२. नेपाल बार एसोसिएसन तथा इन्जिनियरिङ्ग एसोसिएसन लगायत विभिन्न पेशागत संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरु
१३. नेपाल पत्रकार महासंघ, संसदीय पत्रकार मञ्च लगायतका संचारकर्मीहरु
१४. विभिन्न संघ संस्थाका अध्यक्ष तथा प्रतिनिधिहरु
१५. राष्ट्रसेवक कर्मचारीहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरु

**अध्यक्ष मा. सुधिर कुमार पौडेलज्यूको सुरुवाती मन्तव्य (संक्षिप्तमा)**

- सुशासनका लागि विभिन्न संघ संस्थाहरु क्रियाशील रहेको तथापि हामी सुशासन भएन भनेर कराई रहेका छौं। सुशासनका निम्ति सुशासनसँग सम्बन्धित नागरिक समाज, न्यायसँग सम्बन्धित व्यक्ति र राजनैतिक व्यक्तित्वहरु हामी सबै यहाँ छलफलमा छौं।
- नेपालको संविधान, २०७२ को धारा ९७ मा तथा संघीय संसद, प्रतिनिधि सभा नियमावली २०७९, को नियम १७२ मा समितिको गठन, गण्डकी प्रदेश नियमावलीको नियम १५३ अन्तर्गत सार्वजनिक लेखा समिति लगायतका विषयगत समिति रहेका छन्। सार्वजनिक लेखा समितिको क्षेत्राधिकार गण्डकी प्रदेश सभा नियमावलीमा प्रष्ट रहेको, र यसको क्षेत्राधिकार सार्वजनिक लेखासँग सम्बन्धित र महालेखा परिक्षकको प्रतिवेदन तथा सम्बन्धित निकाय रहेको।
- कार्यक्रमको मूलभूत उद्देश्य भनेको आज संघीयतामा गएको ६ वर्ष भई सकेको र संघीय व्यवस्था प्रति, प्रदेश संरचना प्रति पोजिटिभ धारणा, समाजमा सकारात्मक धारणा ल्याउनको निम्ति के गर्न सकिन्छ? यसमा तपाईहरुको अपेक्षा के हो?
- राज्यले गरेका कामहरु, प्रदेश सरकारले गरेका कामहरु दिगो विकास लक्ष्य हासिल गर्नका निम्ति कति क्रियाशील बने? कति खर्च भयो? सुशासन हामीले डेलिभर गर्न सक्यौं कि सकेनौं? यी र यस्ता विषयहरुमा हजुरहरुको धारणा के छ? हजुरहरुको सुझावहरुको हामीले अपेक्षा राखेका छौं। सार्वजनिक लेखा समितिले पोजिटिभ धारणा ल्याउनको लागि हाम्रो भूमिका के हो भन्ने कुरा हामीले नागरिक संवाद कार्यक्रममा राखेका छौं। प्रदेश सरकारलाई सभा प्रति उत्तरदायी र जवाफदेही बनाउनका लागि सरकारबाट भएका काम कारवाहीको अनुगमन गरी समय समयमा राय सल्लाह सुझाव दिने, सरकारी कोषको प्रभावकारी कार्यान्वयन भए/नभएको सुनिश्चित गर्ने, आर्थिक वित्तीय उत्तरदायी बनाउने सार्वजनिक लेखा समितिको क्षेत्राधिकार रहेको छ।
- महालेखा परिक्षकको प्रतिवेदनमा गण्डकी प्रदेशको बेरुजु औंल्याएको छ। सार्वजनिक लेखा समितिको मूलभूत छलफल त्यसमा हुने र महालेखा परिक्षकले दिएको प्रतिवेदनमा दिएको बेरुजु सम्बन्धी तथ्याङ्क ५१ करोड ४५ लाख ४८ हजार कतिपय बेरुजु प्रोजेक्टको कार्यसम्पादनको उचित व्यवस्थापनको कमिले हुन पनि सक्छन्। त्यस्ता बेरुजु गएको वर्ष भन्दा यो वर्षका बेरुजु केही कम भएको छ र यसरी नै सकारात्मक दिशामा जान सक्छन्। सरकार पनि काम गरौं भन्ने ठाउँमा छ। यस समितिले पनि काम गर्न खोजेको छ। हामीले कसरी नागरिकलाई सचेत बनाउन सक्छौं भन्ने हाम्रो आगामी कार्यदिशा रहेको छ।

**१. राष्ट्रिय गान**

**२. श्री रविन्द्र बास्तोला, अध्यक्ष, सुशासनको लागि नागरिक समाज (स्वागत मन्तव्य संक्षिप्तमा)**

- सुशासनका लागि कार्य गर्ने र भ्रष्टाचार नियन्त्रण गर्ने अभियानमा सार्वजनिक लेखा समिति तथा सुनाससँगै रहेको र हाम्रो उद्देश्य यो सन्दर्भमा एउटै रहेको छ। प्रदेशका कार्यक्रमहरुलाई प्रदेशको गतिविधिहरुलाई पारदर्शी बनाउन, नागरिक प्रति जवाफदेहिता बढाउन यस कार्यक्रमले महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ।
- यस अघि सुनासले दस वटा जिल्लाहरुमा गण्डकी प्रदेश सरकारबाट संचालन भएका ठूला आयोजना हेरेर त्यसको प्रतिवेदन पनि पेश गरी सकेको।
- सार्वजनिक सुनुवाईदेखि लिएर सामाजिक परिक्षणका कार्यक्रमहरु पनि सुनासबाट भएको छ। सुशासनसँग सम्बन्धित औजारहरुमा हामी सम्मिलित हुने गरेका छौं।
- संघीयता प्रति नागरिकहरुमा एक प्रकारका नकारात्मक दृष्टिकोण रहेको छ। संसद र प्रदेश सरकारको कार्य प्रति रहेको नकारात्मक दृष्टिकोणलाई न्यूनीकरण गर्नका लागि हामीले सहकार्य गर्न सक्छौं। सकारात्मक कुराहरु बाहिर ल्याउन सुनासले सहयोग गर्नेछ। पारदर्शी र सकारात्मक कार्यहरुमा सार्वजनिक लेखा समितिको महत्वपूर्ण भूमिका छ र यसमा सुनासको सहकार्य र सहयोग निरन्तर रहनेछ।

**३. श्री आनन्दराज मुल्मी, ट्रान्सपेरन्सी इन्टरनेशनलको पूर्व उपाध्यक्ष तथा सल्लाहकार (मन्तव्यः नागरिकको समितिसँग अपेक्षा संक्षेपमा)**

- नागरिक संवाद एक अर्काको कुरा सुन्ने थलो हो, गम्भीर संवादमा छौं। अहिलेको परिस्थिति विभिन्न कारणले गर्दा हुन सक्छ सामाजिक सञ्जाल हुन सक्ला, हाम्रो संचार माध्यम हुन सक्छ, हाम्रा माननीयहरुले दिने भाषणमा होला, जताततै Hate Speech दिंदा घृणायुक्त शब्दहरुको अभिव्यक्ति दिँदा धेरै ताली पाउने थरी -थरीका मनःस्थितिहरु हामीले ब्यहोरी रहेका छौं । थोरै समयमा धेरै ख्याति पाउनका लागि मुलुक जसरी उद्दत भएको छ, त्यसले राज्यलाई अलिकति अस्वस्थ बनाएको छ। हामी हरेक किसिमबाट अस्वस्थ भएका छौं। राजनैतिक रुपमा, सामाजिक रुपमा, आर्थिक रुपमा, सांस्कृतिक रुपमा जसरी यो समस्या देखापरेको छ। हामीले कर्मचारी साथीहरुलाई उचित ठाउँमा, उचित काम लगाउनको लागि, सरकारलाई ठीक ठाउँमा र ठीक बाटो ल्याउनको लागि संसद छ र संसद अन्तर्गत विभिन्न समितिहरु छन्। संसदीय अभ्यासमा संसदीय परिपाटीमा सरकारलाई ठीक ठाउँमा लैजानका लागि समितिहरु छन्।
- हरेक तहमा जनप्रतिनिधिहरु रहेको, झण्डै चालिस हजार सात सय जना चुनेका प्रतिनिधिहरु छन् । दुई करोड त्रियान्ब्बे लाख मान्छेले तिरेको करबाट यो मुलुक ठीक बाटोमा ल्याउनको लागि हामीले चुनेर पठाएका छौं। यो कुरा कर्मचारी, प्राविधिक, सुरक्षा, समिति, संस्थान र अन्य जुनसुकै ठाउँमा भएपनि ठीक गर्न सकेको छैन। अझ पनि स्वस्थ बन्न सकेका छैनौं। सदनमा उपस्थिति कम हुने गरेको। समितिको कोरम नै नपुग्ने। यो अवस्था किन सिर्जना भएको छ? हामीले पठाएका प्रतिनिधिहरुमा जिम्मेवारीपन र जवाफदेहीता नभईकन संसदको सर्वोच्चता हुनै सक्दैन। मन्त्री वा सदस्य पदमा त्यति धेरै फरक हुन्न। सबै उचित र योग्य व्यक्ति भनेर त पठाएका छौं। आज पनि पन्ध्र सदस्य सार्वजनिक लेखा समितिमा माननीय सांसद चार जना र चार जना समिति सदस्य देखि रहेको छु। यसै प्रवृत्तिलाई

लिएर हुने होला यो व्यवस्था प्रतिको Hate Speech र नकारात्मक धारणा जस्ता कुरा यसका मूल कारण यहि नै हुन सक्छ। हामीले छानेका प्रदेश सांसद ५५० जना त्यसपछि ७५ जना त्यसपछि ५९ जना। यी सबैमा महत्वपूर्ण भूमिका खेल्न सक्ने यिनी नै हो। हाजिर गर्ने र हिडने, यस्तो खालको प्रवृत्तिले, बहसको थलो नै यही हो त। म किन संसदमा भाग लिएन? सत्तापक्ष र प्रतिपक्ष फरक नै होइन यो मुलुकका लागि दुबैको उत्तिकै जिम्मेवारी हो।

- सार्वजनिक लेखा समिति संवादहिनताको अवस्थामा रहेको छ। कुनै बेला मा. कुमार खड्का हुनुहुन्थ्यो सभापति, उहाँसँग एक पटक भएको थियो छलफल, त्यसपछि सभापति को भयो भन्ने पनि थाहा छैन। प्रदेशको सार्वजनिक लेखा समितिको प्रतिवेदनहरु रहेको, रेकर्ड भएको होला नि, तर हामीसम्म आएको छैन। विगत पाँच वर्षमा यो सार्वजनिक लेखा समितिले के-के गर्‍यो र के-के सिफारिश भए? अब के सुझाव दिने हो भन्ने महालेखा परिक्षकको प्रतिवेदन माथि अध्ययन होला, छलफल होला, त्यसको बेरुजु औंल्याउने होला, तर बेरुजु भन्ने एउटा प्रक्रिया हो, बेरुजु गलत होइन। सबैभन्दा महत्वपूर्ण कुरा त्यसको असुली हो। कुनै पनि प्रमुख वा विभागीय प्रमुखको जिम्मेवारी के हो भने त्यसको मातहतको शाखा होस वा विभाग होस् त्यसको असुल उपर गर्नेका लागि असुल गर्नुपर्छ बल्ल मात्रै सरुवा हुनुपर्छ। तर फछ्र्यौंट नगरिकन, कुनै जवाफदेहिता नबोकिकन सरुवा भएका छन्। प्रत्येक सचिवले आफू मातहतका असुल उपर गरेर मात्र सरुवा हुनुपर्छ तर यता पत्र पाउँछ भोलि गई हाल्छ। अनि असुल गर्ने जिम्मेवारी कसको हो? आफ्नो मातहत विभाग वा शाखाको बेरुजु फरछ्यौंट भएपछि मात्रै सरुवा वा बढुवा हुन पाउने एउटा नजिर स्थापित गर्नुपर्छ। बेरुजुको विषयमा आत्तिनु पर्ने होइन बरु असुल गर्नुपर्ने विषयमा गम्भीर हुनुपर्ने हो। लेख्नु पर्ने कुरा लेख्या पनि छैन, असुल उपर गर्न नपरेसी किन तिर्ने, कर्मचारीको बढुवा र सरुवामा पनि अवरोध छैन। यहीं हुन्छ अनियमितताको शुरुवात, भ्रष्टाचारको शुरुवातको बिन्दु। सार्वजनिक लेखा समितिबाट एउटा नजिर स्थापित गर्ने काम हुनुपर्छ।
- नागरिक समाजको अपेक्षाः कानुनी सर्वोपरीयता, कानुन भन्दा माथि कोही पनि नहोस्, गैर कानुनी कुराको संरक्षण नहोस्, जसले अनियमितता गरेको छ, जसले गलत ढंगले प्रस्तुत गरेको छ, जसले गलत कामहरु गरेको छ, तिनिहरु कानुनको दायराभित्र आउनु पर्ने हाम्रो मान्यता छ। यो सबै जनताको अपेक्षा हो।
- राष्ट्रिय परिचय पत्र भरेको तीन वर्ष भयो। त्यो भन्दा पछाडीको आएको छ, त्यो आएको छैन, मेरै केस। कानुन पालना गर्ने मान्छेले सजाय पाउने खालको प्रवृत्ति र वातावरण भयो भने व्यवस्था प्रति सरकार प्रतिको विश्वास घट्दै जान्छ। आक्रोश आउँछ र निराशा बढेर जान्छ।
- दशै तिहारमा चिनीको कुरा उठाई दिनु भएन। काठमाडौं नै नेपाल हो र नेपाल नै काठमाडौं हो भनेर साल्ट ट्रेडिङ्गले काठमाडौंमा मात्रै चिनी दिए। प्रदेशको माननीयले जनताका कुरै उठाई दिनु भएन। जवाफदेहिता कर्मचारी मात्रै होइन, जवाफदेहि सांसद र मन्त्रीको पनि हुनुपर्छ। कहिँ न कहिँ जवाफदेहिता हुनुपर्छ। जवाफदेहिता भनेको गुण्डागर्दीको संरक्षण होइन। आफ्नो मान्छे र आफ्नै पार्टीको नेता किन नहोस् गलतलाई गलत नै भन्नु पर्छ। अरु पार्टीले गरेको गलत देख्ने र आफ्नो पार्टीको मान्छेले सोही काम गरेको गलत नदेख्ने प्रवृत्ति बढेर गयो भने निराशा किन नहुने? आदर्शको पात्र बन्ने हैसियत तपाईले प्राप्त गर्नुपर्छ।

- महालेखा परिक्षकको प्रतिवेदन माथि छलफल गर्ने मात्रै सार्वजनिक लेखा समितिको कार्य होइन। सार्वजनिक लेखा समितिको गठन प्रदेश सरकारको गतिविधिको निगरानी गर्ने हो। मन्त्रीले जवाफदेहिता लिएको छ  कि छैन? मन्त्रीले जिम्मेवारीपूर्वक काम गरेको छ कि छैन? सरकारले ठीक ढंगले खर्च गरेको छ कि छैन, अनियमितता पो गर्नु भएको छ कि? नातावाद कृपावादका कुराहरु गरेका छन् कि?
- नेपालको प्रधानमन्त्रीको सचिवालयमा ४० जना मान्छे राखिएको छ। किन आवश्यक पर्‍यो? के साँच्चै आवश्यक छ? राष्ट्रपति सात सात वटा सल्लाहाकार राख्नु यसको औचित्य के छ? किन लेखा समितिले आवाज उठाउन्न? किन महालेखा परिक्षकको प्रतिवेदन चुपचाप छ? के राष्ट्रपतिले समानान्तर सरकार चलाउन खोजेको हो? आर्थिक सल्लाहाकार, कानुनी सल्लाहाकार, प्रशासनिक सल्लाहाकार, साँस्कृतिक सल्लाहाकार रे। यदि कानुनी सल्लाहाकार चाहियो भने हाम्रो Attorney General हटाइदिए भयो। सिस्टमलाई स्लिम सरल र फास्ट हुने कुरा बढाउने नै सुशासनको प्रतिक हो। प्रधानमन्त्रीको नीजि सचिवालयमा किन ४० जना दरबन्दी चाहियो। यो कुनै व्यक्तिको कुरो होइन एउटा इन्सटिट्यूसनको कुरा गरी रहेका छौं हामी। यहाँसम्म कि संचारका लागि प्रेस संयोजक राख्ने कुरा पनि आई रहेको छ। यसमा छलफल हुनै पर्छ।
- सदाचारिता कायम गर्न प्रक्रियाको शुरुवात गर्नुपर्ने र सार्वजनिक लेखा समितिले कुनै भेदभाव बिना गलत कामलाई इङ्गित गर्ने संस्था हो। यो कसैलाई नियन्त्रण गर्ने, कारवाही गर्ने संस्था त होइन तर यसले इङ्गित गर्ने काम गर्न सक्छ।
- मा. हरि बहादुर चुमानज्यू हुनु भएको मन्त्रिपरिषद्ले गरेको एउटा काम रामशरण बस्नेतज्यूले बाटो नभएको ठाउँमा आफ्नो खेतमा लगेर पुल खडा गराईदिनु भयो। त्यसमा प्रश्न कसैले उठाई दिनु भएन ल हेर्नुस। उहाँ एमालेबाट प्रतिनिधित्व गर्नु भाथियो। सबैभन्दा बढि आवाज उठाउने एमालेले कहिँ कतै आवाज उठाई दिनु भएन। शायद मोरङ्ग वा झापाको कुरा हो, खोला थियो २७५ मिटर चौडा, पुल बनाईदियो २२५ मिटर। हामी कल्पना गरौं। प्राविधिक त्रुटि हो, सांसदहरुको दवाब हो वा कर्मचारीहरुको नियत खराब हो? राज्यको श्रोत त्यतिकै छ। सार्वजनिक लेखा समिति प्रभावकारी भयो भने हामीले दिएका सुझाव उपयोगमा आउन सक्छ। यसले भ्रष्टाचार नियन्त्रणमा महत्वपूर्ण भूमिका खेल्न सक्छ।
- भ्रष्टाचारको स्वरुपमा धेरै परिवर्तन आएको छ तपाईले सुन्नु भएको होला डिजिटल करेन्सीका कुराहरु। तपाईको छोरा तपाईको छोरीलाई उसले पढाई दिन्छ। तपाईको केही पनि हातमा छैन। उसको फिस तिरेको तिरै छ घुसको रुपमा। यसलाई कसरी नियन्त्रण गर्ने?
- हामी आफैले सदाचार देखाउन सक्यौं मात्रै यो कुरा सम्भव छ। अदालतले पनि हेर्न नभ्याउने, हेर्नै नसक्नै, हेर्न नहुने आदि भाषा र शब्दले पनि न्याय प्रतिको विश्वास पनि झन-झन कम भई रहेको छ।

# खुल्ला छलफल

## सहजीकरणः मा. सुधिर कुमार पौडेल, सभापति, सार्वजनिक लेखा समिति

१. **श्री राम बहादुर पौडेल, नागरिक समाज, कास्कीः** (सुरुमाः नागरिक समाज कास्कीको ७ बुँदे आचारसंहिता प्रस्तुत गरेको।) फेवातालसँगैको सेति डाँडा (हरियाली सेति डाँडा) खारियो, पोखरा महानगरपालिका, मुख्यमन्त्री कार्यालय, अख्तियार कार्यालय, जिल्ला समन्वय समिति, कास्की र जिल्ला प्रशासन कार्यालय, कास्कीमा नाम सहितको उजुरी/रिट हाल्नु भएको। त्यहाँ डाँडा खारिएको ३ वटा स्काइभेटर त्यहाँबाट हटाई खारिने कार्य रोकियोस् तपाई (सार्वजनिक लेखा समिति) प्रति उचित सम्मान राख्नेछु।

२. **श्री संजीव बहादुर कोइराला, नेपाल उद्योग वाणिज्य महासंघः** १. प्रदेश सरकार आज छैटौं वर्षमा प्रवेश गरेको हो। हिजो हामीले थ्रेस होल्ड राखेका थिए त्यो हटाएर सत्ता टिकाउनको नाममा बाटो बनाएका छौं। यो राख्नुको अर्थ छ कि छैन। उद्योग व्यवसायीहरुको वास्तै नगरिकन सरकारले कुनै प्रभाव वा दवाबमा नीति नियम चेन्ज गर्छ भने त्यसको डाइरेक्ट प्रभाव नीजि क्षेत्रमा पनि पर्न जान्छ। २. संघ सरकारको होस् वा प्रदेश सरकारको मन्त्रीहरु वैदेशिक भ्रमणमा जानेहरुको संख्या ठूलो छ। कार्यकर्ताको भर्तिकेन्द्र बनाएर मन्त्रीहरुले लिएर जाने हो? भ्रमण दलमा कति जना जाने हो नीति बनाउँ। सार्वजनिक लेखा समितिले नीति बनाउ। ३. संघीयता प्रति प्रश्न किन उठी रहेको छ? ५९ जना सांसद हुनुहुन्छ र ३५ जनाले सरकारी सेवा सुविधाका गाडी चढी राख्नु भएको छ। तपाईले लिएको सेवा सुविधा नागरिक समाजले त्यसलाई सकारात्मक रुपमा लिएका छन् कि छैनन्? यो सबै कुरालाई मनन गरेर सार्वजनिक लेखा समितिले नीति बनाउनु पर्‍यो। सुशासनका लागि नागरिक समाजलाई पनि प्रश्न छ। आज नेपाल भ्रष्टाचारको सूचीमा कहाँ छ, कुन पंक्तिमा छ? नेपाल भ्रष्टाचार बढी भएको देशको रुपमा बाहिर आई राखेको छ। नागरिकहरुले नै केही गर्नु पर्छ।

३. **श्री हरि कुमार श्रेष्ठ, नेपाल उद्योग वाणिज्य महासंघ, कार्यसमितिको सदस्यः** १. नेपालमा हाम्रै तनहुँको जि.पि. कोइराला श्वास प्रश्वास केन्द्र छ। त्यसमा बिमावालालाई २०० रुपैयाँ चार्ज लिन्छ र नयाँ अर्को गयो भने २५ रुपैयाँ लिन्छ जम्मा। किन १७५ को फरक पर्‍यो? २. आखाँ हस्पिटलमा कास्कीको बिमावालालाई रिफर नचाहिने र तनहुँ, पर्वत, म्याग्दी, बाग्लुङ्ग र स्याङ्गजाको मान्छेलाई जति पटक देखायो उति पटक रिफर चाहिने। रिफर लिए वापत फेरि २०० रुपैयाँ चार्ज प्लस गर्ने यो भ्रष्टाचार हो कि होइन? १७५ कहाँ जान्छ? यो कसले हेर्ने हो? संघले हो कि प्रदेशले?

४. **श्री शिव खकुरेल, इन्सेक गण्डकी प्रदेशको संयोजक र भ्रष्टाचार विरोधी अभियानमा आबद्धः** १. विधिको शासनको अनुभूति गर्न नपाएको र संघीयता प्रति वितृष्णा रोपित हुँदैछ। माननीयज्यूले जो स्वकीय सचिव राख्नु भाछ, ती स्वकीय सचिव किन राखिएको हो? उहाँहरुको काम के हो? उहाँहरुकै काम छैन।

संसदलाई सरकारले बिजनेस दिन सकि राखेको छैन तर स्वकीय सचिव राखिएको छ र त्यहाँ करौडौंको दुरुपयोग भई राखेको छ। स्वकीय सचिवले संसदमा सहयोग गर्ने हो नि। यहाँ कसैको छोरा, कसैको छोरी, कसैको भान्जी, कसैको बुहारीलाई तलब खुआउन त स्वकीय सचिव राखिएको छैन? योगदान हुनुपर्छ नि स्वकीय सचिवको, के छ योगदान? सार्वजनिक लेखा समितिको माननीय सभामुखज्यूले यसको मनिटरिङ्ग गर्नु पर्छ। यसमा छलफल राख्नु पर्छ। भोलिदेखि नै यसमा शुरु गर्नुस्। २. योजना तथा कार्यक्रम need based नभई vote based मा आउने गरेको छ। आज हेर्नुस न, प्रदेशमा कुनै एउटा बाल अस्पताल छ? हामी हेरौं त गण्डकी सरकारको बजेट खाली मन्दिर र गुम्बा र त्यो डाँडामा टावर बनाउने काम गरिएको छ। पहिला त मान्छे नि छैन अनि को त्यो मन्दिर गुम्बा र टावरमा चढ्छ। पहिला मान्छे बचाउनु पर्‍यो। यो vote based मा कार्यक्रमहरु बन्ने र योजनाहरु बन्ने पहिला यो प्रवृत्तिलाई नियमन गर्नुपर्छ। किन जनतामा वितृष्णा आयो यसको अनुसन्धानमा सार्वजनिक लेखा समितिको महत्वपूर्ण भूमिका रहने छ।

५. **श्री बिमला भण्डारी, नेपाल पत्रकार महासंघ, कास्कीः** १. कसको घरमा चुल्हो नबलेको कुराले भन्दा आफ्नो सार्वजनिक, प्रदेशसँग, आफ्नो नेशनसँग जोडिएका कुराहरु प्रदेशभित्रका सार्वजनिक सम्पदाहरुमा भएको अन्यायले नागरिकको मन छुने गर्छ। २. के टुल्स उपयोग गर्दा सुशासन कायम हुन्छ भ्रष्टाचार न्यूनीकरण हुन्छ भन्ने कुरामा हाम्रो ध्यान जानु पर्‍यो। उजुरी र गुनासोको कुरामा, फिडब्याक दिने मान्छेले राम्रै फिडब्याक दिए पनि मेरो पार्टीको नेता हो, मेरो पार्टीको मान्छे हो भनेर भएको र बिग्रन लागेको कुरा पनि भन्दैनन्। यो मेरो पार्टी, त्यो तेरो पार्टी भनेर जान्छौं, यसको कार्यान्वयनको पक्ष कमजोर रहेको छ। ३. बेरुजु फर्छयौंटलाई कर्मचारीको सरुवा बढुवाको सूचकको रुपमा लिन सकिन्न? फर्छयौंट नगरिकन कर्मचारीको सरुवा र बढुवा रोक्न सकिन्न? ३. हामीले भोट दिएर जिताएको व्यक्ति पार्लियामेन्टमा कति दिन हाजिर भए? उहाँहरुले कस्तो काम गरिराख्नु भाछ? उहाँले किन गर्नु भएन? यसो प्रश्न गर्ने बानीको विकास गर्नुपर्छ। यो कुराहरुको नियमित जानकारी गराउनका लागि यस्ता कार्यक्रमहरु जरुरी छन्। ४. प्रदेशको सम्पत्ति के कति छ यथार्थ विवरण संकलन गर्नुपर्छ। यसमा हाम्रो पनि साथ सहयोग रहनेछ। ५. यहाँहरुले गरेका काम आम जनतासम्म पुर्‍याउनका लागि, मिस इन्फर्मेशन, मिथ्या गलत कुरा आउने, गलत सूचना आउने गरेर आक्रान्त भई रहेछ हाम्रो समाज यसको लागि digital literacy मा हामी काम गरी रहेका छौं। यस्ता कार्यक्रमहरु बेला बेलामा गरि रहनु पर्‍यो। नेपाल पत्रकार महासंघको निरन्तर साथ र सहयोग रहि रहन्छ।

६. **श्री लक्ष्मी कार्की, अध्यक्ष, महिला सशक्तिकरण नेपालः** म धेरै कार्यक्रमहरुमा गएको छु र यस अघि यस्तै प्रश्नहरु (भ्रष्टाचार सम्बन्धी) धेरै पटक उठेको छ। म भन्दा अगाडीका विद्वानहरुले सबै कुरा भनी सक्नु भयो। अब यस्ता प्रश्न फेरि अर्को मिटिङ्गमा उठाउनु नपरोस् भन्ने मेरो कामना छ।

७. **श्री अमृत सुवेदी, संसदीय पत्रकार मञ्चः** १. सरकारले नीति तथा कार्यक्रम ल्याउँछ। त्यही नीति कार्यक्रममा टेकेर सरकारको बजेट आउँछ। त्यसको कार्यान्वयन अर्को खालको भाको छ। सरकारको एउटा नीति कार्यक्रम छ, त्यसको अर्को प्रकारको लागि बजेट आउँछ। २. गण्डकी प्रदेशकै कुरा गर्ने हो भने थुप्रै यस्ता ऐन कानुन नै यहाँ त एउटा नियुक्ति गर्नका लागि सबै दलहरु एक ठाउँमा आउने चलन छ। प्रदेश सभाको सचिवको समयावधि थप्नको लागि ऐन संशोधन गर्ने। ३. यो भन्दा अगाडी रकमान्तरकै लागि रकमान्तर, आर्थिक अनुशासनको हिसाबले पनि त्यति राम्रो मानिदैन। कुन प्रयोजनको लागि कतिसम्म रकमान्तर गर्ने सत्तापक्ष र प्रतिपक्ष मिलेरै योजना बाडँफाँड गर्ने, त्यसलाई हाल्ने। ४. काउ फर्म खोल्ने विषयमा कुनैलाई नियुक्ति दिनका लागि नै ऐन ल्याइएको थियो। यसको लागि सबैभन्दा बढि हामीले मिडियाबाट आवाज उठायौं त्यति बेलाको सार्वजनिक लेखा समितिले पनि प्रश्न उठायो। त्यसरी नै गाडी खरिदमा पनि हामी संसदीय पत्रकार मञ्चले आवाज उठायौं सार्वजनिक लेखा समिति मार्फत त्यो सच्चिएको उदाहरण पनि छन्। ५. योजना बाँडफाँड गर्ने क्रममा सत्तापक्ष र प्रतिपक्ष सबै एकै ठाउँमा आउँछन्। यस्तो परिस्थितिमा प्रतिपक्षको अभाव हुन्छ। प्रतिपक्षको माननीयले पनि जनताका लागि आवाज उठाउन्न, त्यो बेला सबैभन्दा महत्वपूर्ण भूमिका सार्वजनिक लेखा समितिको नै रहन्छ भन्ने मलाई लाग्छ। ६. सत्ता र कुर्सीको खेलमा जनताको एजेण्डा कसरी धुलिसार हुन्छ भन्ने एउटा एक्जामपल छ। सार्वजनिक महत्वको प्रस्ताव लिएर सबै दलहरु एउटा ठाँउमा आउनु भयो। एउटा कमिटी गठन गर्नु भयो। ६-७ वटा जिल्ला जानु भयो फेसबुकमा फोटा छरपस्टै थियो। त्यही बेलामा सरकार ढल्ने भयो। रामशरण बस्नेतजी स्याङ्गजा पुग्नु भाथियो। संसदमा अर्को आउन थाल्यो। उहाँ फर्केपछि त्यो प्रतिवेदन पनि कहाँ गयो कहाँ गयो, त्यो समिति पनि कहाँ गयो गयो? एउटा कर्मकाण्डी हिसाबले प्रतिवेदन बुझाउनु भयो। त्यसपछि पनि न त त्यहाँ अस्पतालको अवस्था सार्वजनिक भयो, न त भेन्टिलेटरका कुरा आयो। यसरी सत्ता र कुर्सिको खेलमा त जनताको एजेण्डा हरायो। ७. सरकारको नीति तथा कार्यक्रम आएको छ। भवन नबनाउने भन्या छ कसरी भवन बनी राखेका छन् हेर्नु पर्ने, खोज्नु पर्ने हो, सार्वजनिक लेखा समितिले। सार्वजनिक लेखा समितिले कत्तिको काम गर्नुहुन्छ, यसमा हामीले पनि सहयोग गर्छौं। सरकारको गतिविधिको निगरानीमा सार्वजनिक लेखा समितिले महत्वपूर्ण भूमिका खेल्नु पर्‍यो। हामी पनि सहयोग गर्छौं।

८. **श्री प्रकाश अधिकारी, परिवर्तन न्यूज डटकमः** माटोले बिउ पचायो र मान्छेले बुझ पचायो भने विकास शुन्य हुन्छ। देश र जनताका लागि लडेर आउनु भएको इतिहास जग जाहेर छ तर जिम्मेवारी लिने मान्छे मैले देखिन। यस्तो व्यक्ति जन्मिनु पर्‍यो जसले जिम्मेवारी लियोस्। जसले गण्डकीलाई बनाओस् जसले देशलाई बनाओस्, त्यस्तो नेता चाहिएको छ। यो भ्रष्टाचार निर्मूल पार्न त सकिदैन होला तर न्यूनीकरण निरुत्साहित गरोस्। तपाईहरुले भ्रष्टाचार गरेको होइन कि तर तपाईले कतै कतै कसैलाई सहमतिमा मिलोमतोमा दिएको भनेको एक खालको सहमति दिएको हो। तपाईलाई थाहा नै छैन। अब सुधिरजीको अध्यक्षताले यहाँ हान्यो। अब १५ जनाको समितिमा ८ जना मात्रै उपस्थित हुनुहुन्छ।

तपाईहरु नै यति गैरजिम्मेवारी हुनुहुन्छ भन्ने कसले बनाई दिने हो। अब जाग्नुस् अब। कति सुत्नु हुन्छ?

९. **श्री नवराज शर्मा, अख्तियार दुरुपयोग अनुसान्धान आयोग, पोखराः** १. प्रदेश स्तरका सडकहरु कुन कुन हुन र स्थानीय स्तरका सडकहरु कुन कुन हुन? नाम नै तोकेर ११ वटा जिल्लामा क-कसले निगरानी राख्छ र स्थानीय तहले पनि आफ्नो काम राम्रै गर्न सक्ने हो। २. कानुन बनाउँदै जाने र त्यसलाई टेबलमा थुपार्दै जाने, दराजमा थन्काउँदै जाने र व्यवहारिक कुरामा केही पनि नदेखिएको भन्ने कुरा छ। त्यसको प्रभाकारिता पनि देख्ने हो कि? स्थानीय तहमा पनि नियम निर्देशिका बनाउने परिपाटी देखिन्छ। त्यो कुन ऐनमा टेकेर बनाएको हो संघको ऐनसँग बाझिने हो कि अथवा प्रदेशका ऐनसँग टाईअप हुने हो कि होइन? त्यो पनि हामीले हेर्नु पर्छ कि? ३. अरुलाई मोबिलाइज गरेर, चलायमान गराउने काम पनि सार्वजनिक लेखा समितिले गर्न सक्छ र यसको केही वार्षिक प्रतिवेदन पनि आउनु पर्ने हो कि? धेरै पटक सल्लाह गर्ने, डिसकस गर्ने जीवन नै सल्लाहघारी भई सकेको छ। जिम्मेवारी कसैले लिएको छैन। कुनै पनि सरकारी नीजि संघ संस्थामा भएको भ्रष्टाचारको घटना तपाईले बेनामी, नाम भन्नु पर्दैन १०७ हटलाईन नम्बरमा टिपाउन सक्नु हुन्छ। पैसा नलाग्ने टोलफ्रि नम्बर १६६००१२२२३३, मोबाइल नम्बर ९८५६०८००००। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको वेभसाइट www.ciaa.gov.np र E-mail ujuri@ciaa.gov.np रहेको।

१०. **ई. बृजेन्द्र के.सी., नेपाल इन्जिनियरिङ्ग एसोसिएसनः** १. गण्डकी प्रदेश सरकारलाई सही ढंगले ड्राइभ गर्ने प्यारेलल यो समिति हो। २०७२ सालमा गएको भुकम्पको तथ्याङ्क गण्डकी प्रदेश सरकारसँग छ कि छैन? अहिले जाजरकोटमा फेरि भुकम्प गयो। त्यसलाई सूक्ष्म अध्ययन गरेर आगामी दिनमा सम्भावित जोखिमको क्षति न्यूनीकरण कसरी गर्न सकिन्छ? यो कुराको अध्ययन गर्नु पर्‍यो। राज्यले यति ठूलो लगानी गरि रहेको छ अन्य संघ संस्थाहरुले पनि गरी रहेको छ। अन्य ठाउँमा गण्डकी प्रदेशमा पनि जस्तै सिकलेसमा केही घर चर्केर बसेको तर त्यहाँ मानव बसिरहेको। अब त्यहाँ भुकम्प आएर १ जना मरेसि १ लाख, २ जना मरेसि २ लाख राहत दिने कि अहिले नै त्यहाँ गएर जनतालाई सचेत गराउने। गाउँ पालिकाको वडा अध्ययक्षज्यू प्राविधिक साथीहरु लगाएर त्यसको अध्ययन गर्न लगाएर त्यस्तो मिशन हामीले किन अगाडी नबढाउने? २. पोखराका नागरिक आफै सुशासनको बाटोमा हिडनु पर्‍यो। पोखरा भत्किसक्यो। पानी खाने बोतल फुत्त फाल्ने, खाने सामान सुन्तलाको बोक्रा बसबाट फुत्त फाल्ने, म आफै नागरिक हुँ म आफै ट्र्याकमा छैन। म जताततैबाट बाटो काट दिन्छु। ट्राफिक व्यवस्थापन कसरी गर्ने हो। ठूलो गाडीले पनि त्यहीँबाट हिडेको हुन्छ, त्यहीं टयाक्सीवालाले पनि बाटो काटेको हुन्छ। कसैले त निगरानी गर्नु पर्ने हो। ट्राफिक व्यवस्थापन हुनु पर्‍यो।

११.**श्री महेन्द्र बहादुर बानिया, नि. निर्देशक, भौतिक पूर्वाधार मन्त्रालयः** १. महत्वपूर्ण सडकहरुको नेटवर्कलाई PTMP भन्ने लगभग अन्तिम चरणमा पुग्न लाएको। २. ११ वटै जिल्लाहरुको बजेट खर्च घटने क्रम जारी छ। विभिन्न तथ्याङ्क प्रस्तुत। भौतिक पूर्वाधारमा खर्च घटने गरेको छ। सार्वजनिक

लेखा समितिले विभिन्न जिल्लाहरुमा गएर पूर्वाधार विकास कार्यालयमा गएर के कति कारणले यो खर्च घटी रहेको छ? यसको कारण बुझिदिनु पर्‍यो।

१२. **श्री सुन्दर गुरुङ, पूर्व अध्यक्ष, सुशासनको लागि नागरिक समाजः** हाम्रै प्रतिनिधिहरुले जनतालाई बेवास्ता गर्छन्। कुरा सुन्दैनन् यो चाँहि ठीक कुरा होइन। हाम्रै सम्प्रभुता लिएर सरकारले शासन गरी रहेको छ। सार्वजनिक लेखा समितिले जनताको लागि राम्रो गर्ने कहिँ कतै कमजोरी भई रहेको छ भनेर हेर्ने हो। यो किसिमको नागरिक संवाद, सुशासनको लागि नागरिक संवाद नियमित र आकस्मिक सधैं होस्। वार्षिक कार्यक्रम तर्जुमामा, बजेट तर्जुमा गर्ने बेलामा १-२ घण्टा नागरिकसँग संवाद आयो भने राम्रो हुन्छ।

१३. **ई. कौशल चन्द्र जि.सी., WRC:** १. सुशासन अन्तर्गत Development Process हुन्छ। Time delay भा छ त्यो पोलिसिसँग डाइरेक्ट जोडिएको हुन्छ। पोलिसिमा रहेका कार्यक्रमहरु कार्यान्वयनमा नआउने वा तिनलाई ढिलो गर्ने पनि त भ्रष्टाचार हो नि त? त्यो पोलिसि ल्याप्समा संलग्न हुने कर्मचारीहरु पनि जिम्मेवार हुनु पर्ने हो नि त? टाइम डिले पनि त नीतिगत भ्रष्टाचार हो। त्यसको नियमन अध्ययन अनुसन्धान हजुरहरुले गर्नु पर्‍यो।

**आर्थिक मामिला मन्त्री मा. जित प्रकाश आले (मन्तव्य)**

१. प्रदेशमा दुई पटक सांसद आई सकेका छन्। विगतमा तपाईहरुले हिजो उठाउनु भएका समस्याहरु तत्काल समाधान पनि भएको होला। कुनै पनि समस्या समाधान भएन भन्न सकिदैन। तपाईहरुले दोहोर्‍याएर कुरा राख्नु पर्‍यो भनेर झंझट मान्नै हुँदैन, मलाई लाग्छ। नेपालमा आर्थिक सुशासन र विधिको शासन मात्र कार्यान्वयन गर्न सक्यौं भने हाम्रो धेरै समस्या हल हुन्छ। हाम्रो संघीयतामा तीन तहको सरकार भएकोले एकले अर्कालाई दोष लगाउने आफू चोखिने भएकोले कतिपय कुरा प्रदेश सरकारले चाहेर पनि नहुँदो रहेछ। हामीले अनुभव गरेका पनि छौं हाम्रो सहकार्य जुन संघीयता आएको छ। संघीय कानुन प्रदेश कानुनका लागि संविधान जस्तै हो। संघीय कानुनसँग बाजिएको हकमा प्रदेश कानुनहरु निस्क्रिय रहन्छन्। अरु धेरै कुराहरु यस्तै रहेको छ। आर्थिक स्वायत्तताको कुरा गर्ने हो भने प्रदेशको राजश्वको क्षेत्र अत्यन्तै सानो रहेको। एउटा यातायातबाट आउने र मालपोतबाट आउने बाहेक अरु राजश्वको क्षेत्र नै छैनन् भने पनि हुन्छ। हामीसँग अलिकति भएनि यो दहत्तर बहत्तर गिट्टी बालुवाको कुरा हो। गिट्टी बालुवाको कानुन अव्यवहारिक भएकोले एक पैसा पनि असुल उपर भएको छैन। उद्योग चलेकै छन् तर वैधानिक पनि मानिदैंन, राजश्व पनि आउँदैन। त्यो सबै समाधान एउटा गण्डकी प्रदेशले गर्न सक्दैन किनभने यो संघसँगै डिपेन्ड छ।

२. आरोप पनि आयो विभिन्न दलहरु मिलोमतो गरेर बाँडफाँड गरेर बजेट पनि ल्यायो, कानुन पनि बनायो। हामीले सहकार्यमा, प्रतिपक्ष भनेर सरकारको संधै विरोध गरी राख्ने, घेरी राख्ने, बहिस्कार गरी राख्ने, संसद चल्नै नदिने त होइन नि? सत्तापक्षले पनि प्रतिपक्षलाई ठेल्ने पेल्ने मात्रै पनि होइन। हामीले

सहकार्यमा विश्वास राख्छौं र मलाई लाग्छ गण्डकी प्रदेश तुलनात्मक रुपमा गण्डकी प्रदेशका माननीयज्यूहरु सबै दलहरु यो गण्डकी प्रदेशलाई संवृद्ध बनाउनको लागि सहकार्य गर्दै छौं। यसमा कतिपय कुराहरु हामीले चाँहदा चाँहदै पनि अव्यवहारिक हुँदो रहेछ। आदर्श र व्यवहारलाई समयानुकुल गर्नु पर्दो रहेछ। आदर्शको गफ मात्रै छाँटेर पनि नहुँदो रहेछ मैले थाहा पाएको छु। नयाँ सांसद आएपछि हामीले नयाँ कानुन बनाएको हो जस अनुसार करार र अस्थायी कर्मचारी नराख्ने भनेर हामीले सर्वसम्मत नै गऱ्यौं। किनभने त्यो राख्दाखेरी कर्मचारी भर्ति गर्यो, आफ्नो मान्छेलाई जागिर खुवायो भनेर आरोप लाग्दा रहेछन्। स्थायी नै कर्मचारीहरुलाई गर्ने लोकसेवालाई जिम्मा दिने भन्ने कुरा भयो। तर हाम्रो थुप्रै समस्याहरु रहेछन् र अहिले हामीमा प्राविधिकहरुको धेरै ठूलो अभाव खडकियो। हामीले बजेट त सर्वसम्मत ढंगले असार १ गते नै ल्याएको तर कार्यान्वयन चरणमा जाँदा हामीसँग चरम जनशक्तिको अभाव खडकियो। अब कानुन नै संशोधन गर्ने हो कि अध्यादेश ल्याउने हो कि त्यो पनि भयो। तर हाम्रो संसदले प्रतिबद्धता जनाई सकेकोले त्यस्तो एउटै वर्षमा दुई तीन चोटी कार्यविधि फेरियो यो नीतिगत भ्रष्टाचारको कुरा आयो। अहिले अलिकति जनशक्ति कम भएको छ र त्यो अपर्याप्त छ। त्यसकारण कतिपय कुराहरु कस्ता छन् भने हामीले शुद्ध एकदम इमानदारपूर्वक काम गर्दा पनि अब त्यो असक्षम हो भन्ने कुराहरु पनि रहेछन्। धेरै प्राविधिक ज्ञान नहोला राजनैतिक व्यक्ति भएकोले। एउटा प्रतिबद्धता हामीले के जाहेर गर्छौं भने हाम्रो ज्ञान क्षमताले भ्याएसम्म यो प्रदेशको सुशासन कायम गर्न आर्थिक सुशासनको बाटोमा हिडनको निम्ति हामी इमानदारपूर्वक लाग्दै छौं। त्यसमा केही कुरा यस्तो हुन्छ अहिले गण्डकी प्रदेश सरकार सुति रहेको छ क्या हो? केही चालचुल नै गर्दैन। जस्तै, एक करोड रुपैया औषधी उपचारको लागि छुट्याएको अहिले ६०० जनाको निवदेन आएको छ। अनि कसरी जाने यो कुरामा हामी छलफल गर्दैछौं। यस्तै अरु कुराहरु पनि आएका छन्। हामी साँच्चै नै विधिको शासन र आर्थिक सुशासनमा चल्न खोज्दा हाम्रो गतिविधि अलि सुस्त भएको छ। त्यही कारण यो काम अलिकति ढिलो भएको छ र अब हामी त्यसलाई अलिकति गति दिने प्रयास गर्छौं। हाम्रो नीति तथा कार्यक्रममा, बजेट भाषणमा घोषणा गरेका कार्यक्रम कार्यान्वयन भयो कि भएन त्यहाँ गलत नीयतले काम गरेका छन् कि भन्ने जिम्मा पत्रकारलाई छोडे जस्तो नहोस्। सबै क्षेत्रबाट अनुगमन गर्नु पऱ्यो, सरकारको। पत्रकारबाट, नागरिक समाज, विभिन्न संघ संस्थाहरु, उद्योग वाणिज्य संघदेखि लिएर, विभिन्न पेशा व्यवसायमा रहने दलहरुबाट, राजनैतिक दलहरुबाट, समितिहरुबाट कमि कमजोरी औंल्याउने खबरदारी गर्ने कार्य निरन्तर रही रहोस्।

**मा. सुधिर कुमार पौडेल (समापन मन्तव्य) :-**

# <u>केही झलकहरु</u>



राष्ट्रिय गान





कार्यक्रम संचालनको क्रममा



कार्यक्रमको उद्देश्य सम्बन्धी जानकारी दिने क्रममा








सुनास सम्बन्धी जानकारी गराउने क्रममा



ट्रान्सपरेन्सी इन्टरनेशनल सम्बन्धी जानकारी दिने क्रममा





मञ्चमा




सार्वजनिक लेखा समितिका माननीय सदस्यज्यूहरु





खुल्ला छलफल














खुल्ला छलफल















आर्थिक मामिला मन्त्रीज्यू मन्तव्य दिने क्रममा



सार्वजनिक लेखा समितिका सभापतिज्यू मन्तव्य दिने क्रममा



उपसचिव, गण्डकी प्रदेश सभा, कार्यक्रम सञ्चालनको क्रममा